नेपालको पहिलो बैंक | नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

प्रधान कार्यालय, सामान्य सेवा विभाग

## नेपाल बैंक लिमिटेडको गौरादह शाखामा सिभिल र इलेक्ट्रिकल निर्माण कार्य गर्नको लागि बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकशित मिति २०७७/१०/११)**

झापा जिल्ला स्थित नेपाल बैंक लिमिटेडको गौरादह शाखाको भाडाको भवनमा शाखा संचालनको लागि भुईमा टायल बिछ्याउने, Office furniture, आल्मुनियम पार्टिशन, आदि निमार्ण गर्ने तथा रगंरोगन लगायतका सिभिल तथा AC, CCTV With Online UPS Backup System and Glow Sign Board सहितको इलेक्ट्रिकल नेटवर्किङ्ग परिमाणको विवरण (BOQ) बमोजिम कार्य गर्न अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र बोलपत्र फाराम खरिद गरी ३१ औं दिनको ११:०० बजे भित्र पेश गर्न सिलबन्दी बोलपत्र आव्हान गरिएको छ । साथै यस बैंकको गौरादहमा वा यस बैंकको काठमाडौं बैंकिङ्ग अफिसमा रहेको खाता नं ००२००१०६७११२८३००००००१ मा रु.३,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभागबाट वा गौरादह शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । सो सम्वन्धि शर्त तथा कार्य विवरण बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलबन्दी बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्वन्धि थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, सामान्य सेवा विभागमा वा गौरादह शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

**तपसिल**

१) बोलपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको परिमाणको विवरण (BOQ) मा दर रेट खुलाई तल उल्लेखित रकम वरावर धरौटी वापत बैंकको गौरादह शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको बोलपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको ‘क’वर्गको अन्य बाणिज्य बैंकबाट जारी भएको विड बण्ड ग्यारेन्टी बोलपत्र साथ संलग्न गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र बुझाउने अन्तिम मितिले ९० दिनको हुनेछ ।

२) बोलपत्रदाता निर्माण व्यवसायीले बोलपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, अधिल्लो आर्थिक बर्ष सम्मको आन्तिरक राजश्व कार्यालयबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजातहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ साथै निर्माण सम्बन्धि कार्य गरेको अनुभव प्रमाण पत्र र कालोसूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ ।

३) बोलपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको बोलपत्र फाराम नै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । बोलपत्र फारामको प्रत्येक पुछारमा बोलपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

४) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ ।

५) यस सम्वन्धमा अन्य विस्तृत विवरण बोलपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।
बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति :- २०७७/११/१० गते सोमवार कार्यालय समय भित्र ।
बोलपत्र दाखिला गर्ने अन्तिम मिति :- २०७७/११/११ गते मंगलवार बिहान ११:०० बजे भित्र ।
बोलपत्र दाखिला गर्ने स्थान :- यस बैंकको गौरादह शाखामा बोलपत्र दाखिला गर्नु पर्नेछ ।

६) थप विवरण :-

| शाखा/ बोलपत्र नं. | सम्झौता भएको मिति बाट कार्य पुरा गरी बैंकलाई हस्तान्तरण गर्नु पर्ने समय | बोलपत्र धरौटी वापत रकम | बोलपत्र फाराम प्राप्त गर्ने स्थान | बोलपत्र खोल्ने स्थान, मिति र समय | बैंकको अनुमानित लागत सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग दुबै गरी भ्याट समेत कूल जम्मा रकम |
|---|---|---|---|---|---|
| **गौरादह शाखा/** NBL/NCB43/ W077/78 | ६० दिन | रु.९६,०००/- (अक्षरेपी छयानब्बे हजार मात्र।) | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाण्डौं वा गौरादह शाखा । | ने.बै.लि., गौरादह शाखा २०७७/११/११ गते मंगलवार दिउसो १२:३० बजे | रु.३८,२९,२७६/८४ (अक्षरेपी अड्तिस लाख उनन्तिस हजार दुई सय छहत्तर र पैसा चौरासी मात्र ।) |

**नोट : बोलपत्र खोल्ने दिन विदा पर्न गएमा सो दिनको भोली पल्ट बोलपत्र खोलिनेछ । यो सुचना यस बैंकको Website:- www.nepalbank.com.np मा समेत हेर्न सकिने छ ।**